आज मिति २०८३ साल वैशाख १४ गते सोमबारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०८२/०८३ को २१ औं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

उपस्थिति :

श्री बेचन प्रसाद मेहता — अध्यक्ष —

श्री कुमारी विभा यादव — उपाध्यक्ष —

श्री सुर्य नारायण पाल — वडा अध्यक्ष, वडा नं.१ —

श्री जग नारायण मेहता — वडा अध्यक्ष, वडा नं.२ —

श्री अनिल कुमार भगत — वडा अध्यक्ष, वडा नं.३ —

श्री सुशिल मेहता — वडा अध्यक्ष, वडा नं.४ —

श्री मनोज कुमार मण्डल — वडा अध्यक्ष, वडा नं.५ —

श्री हरि नन्दन मेहता — वडा अध्यक्ष, वडा नं.६ —

श्री सुर्य नारायण यादव — वडा अध्यक्ष, वडा नं.७ —

श्री रुणा देवी दास — कार्यपालिका सदस्य —

श्री उषा देवी यादव — कार्यपालिका सदस्य —

श्री सुनिता देवी यादव — कार्यपालिका सदस्य —

श्री सम्तुलिया देवी बाँतर — कार्यपालिका सदस्य —

श्री मनोज कुमार भगत — कार्यपालिका सदस्य —

श्री किशोर कुमार पाल — कार्यपालिका सदस्य —

श्री महेश कुमार ठाकुर — सचिव —

आमन्त्रित :

श्री डण्डिकेशर खनाल — शिक्षा अधिकृत —

श्री बिन्देश्वर यादव — लेखा अधिकृत —

श्री वाल कुमार श्रेष्ठ — कम्प्युटर अधिकृत —

प्रस्तावहरु :

१) समिक्षा सम्बन्धमा ।

२) NWASH सम्बन्धमा ।

३) भूमिसुधार/मालपोत र नापी कार्यालयको सेवा सञ्चालन सम्बन्धमा ।

४) विद्यालयको जीर्ण भवन भत्काउने अनुमति सम्बन्धमा ।

५) भुक्तानी सम्बन्धमा ।

निर्णयहरु :

१) प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८३/०१/०७ गते भएको २० औं कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

२) प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाँउपालिकाको जलवायु उत्थानशिल खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (CR-WASH Plan) तयारी गर्ने प्रयोजनको लागि कोशी प्रदेश सरकार, खानेपानी, सिंचाइ तथा उर्जा मन्त्रालय, यस पालिका र एस.एन.भी. नेपाल बीच मिति २०८२/०८/०४ गते भएको समझादारी पत्रमा हस्ताक्षर गरीएको र सोही अनुसार पालिकाले केहि कामहरु अगाडी बढाएको छ । यस पालिकाले सामाजिक गणकहरु छनौट गरी तालिम प्रदान गरी तथ्याङक संकलनको लागि खटाएकोमा खटिएका गणकहरुले तोकिएको घरधुरी (१८ घर) को तथ्याङक दैनिक ज्याला रु.२,१७०/- मा संकलन गर्न नसक्ने भनि दिइएकोले निवेदन माथि छलफल गरीयो । साथै समय समेत कम भएकोले सामाजिक गणकहरुको माग निवेदन बमोजिम नै तोकिएको घरधुरी १२ घर कायम गरी तथ्याङक संकलनको कार्य अगाडी बढाउन कार्यदललाई अनुरोध गर्ने निर्णय गरीयो । साथै तोकिएको जिम्मेवारी पुरा नगरेमा ती सामाजिक गणकहरुलाई कालोसूचीमा राखी पालिकाले कुनै पनि काममा समेत नलगाउने सर्वसम्मत निर्णय गरीयो ।

३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाडौंको मिति २०८३/०१/१० गतेको सूचना अनुसार हालको भूमिसुधार/मालपोत कार्यालय र नापी कार्यालयहरुबाट प्रवाह हुँदै आएका सेवाहरु स्थानीय तहबाट प्रवाह गर्न चाहने स्थानीय तहले सूचनाको मितिले ७ दिन भित्र आवश्यक पर्ने जनशक्ति तथा पूर्वाधारको व्यवस्था आफैले गर्ने गरी सेवा प्रवाहका लागि इच्छुक पालिकाले पत्र पठाउन अनुरोध भए अनुसार यस देवानगञ्ज गाउँपालिकाले जनशक्ति तथा पूर्वाधारको आफै व्यवस्था गरी भूमिसुधार/मालपोत र नापी कार्यालय संचालन गर्ने गरी

सोको लागि इच्छुक रहेको व्यहोराको पत्र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाडौंमा पठाउने सर्वसम्मत निर्णय गरियो ।

४) प्रस्ताव नं. ४ माथि छलफल गर्दा श्री शारदा आधारभूत विद्यालय, देवानगञ्ज-१, सुनसरीको प.सं. २०८२/०८३, च.नं.५२ र मिति २०८३/०१/०९ गतेको पत्रानुसार देवानगञ्ज गाउँपालिका वडा नं.१ मा रहेको श्री शारदा आधारभूत विद्यालयमा रहेको पुरानो जीर्ण आ.प्रा.शि. भवन संख्या १,२ र ३ कोठा संख्या-५ प्रविधिक मूल्याङ्कन गरी नियमानुसार लिलाम विक्रि गर्न सूचना गर्दा कुनै पनि संघ/संस्था/व्यक्तिबाट बोलपत्र पेश गर्न नआएको साथै उक्त स्थानमा नयाँ विद्यालय भवन बनाउन कठिन भएको र उक्त भवन हाल भत्काई सोही विद्यालय कै जिम्मामा सुरक्षित राख्ने गरी भवन भत्काउन अनुमति माग भएको हुँदा हालको लागि उक्त पुरानो जीर्ण भवन भत्काई सो बाट प्राप्त सामाग्रीहरु सोही विद्यालयको जिम्मामा सुरक्षित राखी पछि नियमानुसार लिलाम विक्रि गर्ने गरी उक्त पुरानो जीर्ण आ.प्रा.शि. भवन भत्काउन अनुमति दिने सर्वसम्मत निर्णय गरियो ।

५) प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकाको तपसिलका स्थानमा जे.सि.वि. प्रयोग गरी तपसिलका कार्य भएको हुँदा आ.व. २०८२/०८३ को स्वीकृत बजेट देवानगञ्ज गा.पा.को पुजीगत तर्फ समपुरक खर्च शिर्षकबाट उक्त कार्य भए बापतको भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | कार्य | जम्मा रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | देवानगञ्ज गा.पा.-२ मा रहेको मोरिया खोलामा पूर्व पट्टी दक्षिण शिवनारायण मेहताको जग्गा देखि उत्तर सोनाइ लाल मेहताको जग्गा सम्म तटबन्धन निर्माण कार्य । | ८४,०००/- | |
| २ | देवानगञ्ज गा.पा.-१ मा रहेको श्री घोषला आधारभूत विद्यालय देखि दक्षिण देवानगञ्ज गा.पा.२ सम्मको शंकरपुर शाखा नहरमा दुबै सडकको बाटो मर्मत कार्य । | २८,८००/- | |